23-08-2024 18.40

यो आकाशवाणी गान्तोक हो

समाचार अनुशीला शर्माबाट सुन्नुहोस्

## पहिलो राष्ट्रिय अन्तरिक्ष दिवस

देशले आज पहिलो राष्ट्रिय अन्तरिक्ष दिवस पालन गऱ्यो। यस अवसरमा नयाँ दिल्लीको भारत मण्डपममा आयोजित समारोहमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भारतीय अन्तरिक्ष अनुसन्धान संगठन- इसरोले अन्तरिक्षको क्षेत्रमा मात्र नभई देशको सामाजिक-आर्थिक विकासमा पनि अमूल्य योगदान दिएको बताउनु भयो। यस वर्ष राष्ट्रिय अन्तरिक्ष दिवसको विषय **चन्द्रमालाई छुदै जीवनलाई छुनु: भारतको अन्तरिक्ष गाथा** रहेको छ।

गत वर्षको यही दिन चन्द्रयान–३ मिसनका क्रममा चन्द्रमाको सतहमा विक्रम ल्यान्डरको सुरक्षित र SOFT ल्याण्डिङ भएको थियो । यससँगै भारत चन्द्रमामा अवतरण गर्ने चौथो र चन्द्रमाको दक्षिणी ध्रुवमा अवतरण गर्ने पहिलो देश बनेको थियो। सोही दिन प्रधानमन्त्री श्री नरेन्द्र मोदीले 23 अगस्तलाई राष्ट्रिय अन्तरिक्ष दिवस पालन गर्ने घोषणा गर्नुभएको थियो। पहिलो राष्ट्रिय अन्तरिक्ष दिवसको अवसरमा उपराष्ट्रपति श्री जगदीप धनखड अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई शुभकामना दिनु भएको छ।

## GOVERNER VISITS VICE PRESIDENT

राज्यपाल श्री ओम प्रकाश माथुरले आज नयाँ दिल्लीमा उपराष्ट्रपति श्री जगदीप धनखड्संग शिष्टाचार भेटवार्ता गर्नुभएको छ। उप राष्ट्रपतिसँग उहाँले सिक्किम राज्यको हित र विकासबारेमा चर्चा गर्नुभयो।

**INDRA HANG SUBBA IN ESTIMATES COMMITTEE**

सिक्किमका लोकसभा सांसद एवम् Estimates Committee का सदस्य डा. इन्द्रहाङ सुब्बाले नयाँ दिल्लीको संसद भवनमा डा. सञ्जय जयसवालको अध्यक्षतामा भएको समितिको बैठकमा सहभागिता जनाउनु भयो। यसै वर्षको बजेट अधिवेशनपछि डा. सुब्बा समितिको सदस्य मनोनित हुनुभएको थियो। सबैभन्दा महत्वपूर्ण संसदीय समितिहरू मध्ये एक मानिने यस समितिले देशको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ अनि विभिन्न मन्त्रालयहरूसँग सम्बन्धित अनुमानहरूको जाँच गर्ने गर्दछ।

**CAP PRESS RELEASE**

नेपाली भाषामा सरकारी अधिसूचना र राजपत्र जारी गर्ने सरकारको निर्णयलाई सिटिजन एक्सन पार्टी सिक्किमले उदाहरणीय पहल बताउँदै स्वागत गरेको छ। पार्टीले शुक्रबार एउटा प्रेस विज्ञप्ती जारी गरेर भनेको छ, नेपाली भाषा मान्यताको 33औं वर्ष पछि सिक्किम राज्य सरकारले नेपाली भाषामा सरकारी अधिसूचना जारी गर्ने निर्णय गर्नु सराहरणीय विषय हो। नेपाली भाषा भारतको संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त भई राष्ट्रिय भाषाको मान्यता प्राप्त गरिसकेको भाषा हो। तर 33 वर्षको लामो समयसम्म पनि नेपाली भाषाको विस्तारमा अपेक्षित काम नभएको अवस्थामा राज्य सरकारको यो पहल उदाहरणीय छ भन्ने सिटिजन एक्सन पार्टीले ठहर गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

ANIMAL HUSBANDRY

**सिक्किम सरकारको पशुपालन तथा पशु चिकित्सा सेवा सचिव डा. सर्मन राईले आज नयाँ दिल्लीमा आयोजित पूर्वोत्तर राज्यहरूको क्षेत्रीय समीक्षा बैठकमा सहभागिता जनाउनुभयो। बैठकमा,भारत सरकारलाई राज्य सरकारद्वारा पेश गरिएका प्रस्तावहरू माथि छलफल गर्न साथै भारत सरकार समक्ष र ाखिएक ा प्रस्ताव, कोष विषयमा छलफल भएको थियो।**

## शिक्षा मन्त्रालय

शिक्षा मन्त्रालयले सबै राज्य र केन्द्र शासित प्रदेशहरूलाई स्कूल सुरक्षा अनि सुरक्षा दिशानिर्देशहरू-2021 लागू गर्न निर्देशन दिएको छ। शिक्षा मन्त्रालयको स्कूल शिक्षा र साक्षरता विभागले यौन अपराधबाट बालकबालिकाको संरक्षण ऐन (POCSO) अनुरूप दिशानिर्देशहरू विकसित गरेको हो। यसमा सरकारी तथा निजी विद्यालयमा अध्ययनरत बालकबालिकाको सुरक्षामा विद्यालय व्यवस्थापनको जवाफदेहिता निर्धारण गर्ने व्यवस्था छ।